## विश्व कै अग्लो सगरमाथाको देश नेपालमा विश्व कै पुड्को मान्छे!

### World's Shortest Man is from Nepal, the Country of Mt. Everest, the Tallest Mountain on Earth



Shortest Men on Earth. L to R: Khagendra Thapa, Nepal (53 cm); Gul Mohomad, India (57 cm); He Ping Ping, Mongolia, China (73 cm); Lin Yih-Chih, Taiwan (67.3 cm).
Photo coutesy: (1) Khagendra Thapa Magar Foundation, Pokhara, Nepal; (2) Noeman.Org; (3) China.Cn; (4) Taipeitimes.Com

काठमाडौं, न्यूयोर्क, January 28, 2008 -गिनिस रेकडंस् (Guinness World Records) मा विश्वको होचो मान्छेको रुपमा भरतका ५७ cm अग्ला (२२.५ इन्च) उचाइका गुल मोहम्मदको नाम कायम छ। उनको सन् १९९७ मा मृत्यु भई सकेको छ। यता हाम्रो नेपालका १६ बर्षीय खगेन्द्र थापा भने जम्मा ५३ cm (२० इन्च) का मात्र छन् र उनी सम्भबत: संसार कै सब भन्दा पुड्को जिबित मान्छे हुन्।

हुन त ताईवानका लिन यिन चि (६७.३ cm) र मङोलिया, चाइनाका हे पिङ्पिङ (७३ cm) ले आ-आफुलाई सबैभन्दा होचो भनेर प्रचार प्रसार गरेका छन्। खगेन्द्रलाई दुई बर्ष अघी उमेर नपुगेको, अझै बढ्न समय भएको भन्दै गिनिस रेकडंस्ले निबेदन अस्विकार गरेको थियो। गिनिसको नियमअनुसार १८ बर्ष पुगे पछी खगेन्द्रले फेरी निबेदन हाल्न पाउनेछन्।



Khagendra with his parents Rupbahadur Thapa Magar and Dhan Maya Thapa magar. Photo: eEyeCam

उनी जन्मदा ६ सय ग्राम, एउटा अण्डाबाट निस्किएको चल्ला जत्रो थिए । उनलाई आमाले हत्केलामा राखेर तेल लगाउनु पर्थ्यो रे ! उनलाई दुध पनि थोपा थोपा गरि खुलाउने गर्दथिइन । अहिले उनको वजन मात्र ४.५ केजी छ भने उचाई २० इन्च- एउटा मादल जत्रो । यस्तो कुरा पढ्दा अपत्यारिलो लाग्ला तर कुरा सत्य हो । उनको जन्म बुवा रुपबहादुर थापा मगर (३४ वर्ष) र आमा धनमाया थापा मगरको (३१ बर्ष) कोखबाट जेठा छोराको रुपमा २०४९ साल असोज २८ गते शुक्रवार (विहान ३ बजे) धुल्लुबासकोट ६, उर्लेनी, बागलुङ्गमा भएको थियो । उनी हुर्कने क्रमसँगै उनको आमाले उनलाई झोलाभित्र राखेर काम गर्न जान्थे । विश्वको सर्वोच्च शिखर सगरमाथाको देशमा सम्भवत विश्वकै होचो र कम तौल भएको व्यक्ति पनि जन्मेका छन् । उनको नाम जुरेको छ, खगेन्द्र थापा मगर । अहिले पोखरा उप-महानगरपालिका, पृथ्वीचोकमा खगेन्द्र थापा मगर प्रतिष्ठान- मीनबहादुर राना मगरको अध्यक्षतामा खोलिएको छ । जसको उद्देश्य भनेको नै खगेन्द्रलाई विश्वमा चिनाउने प्रयास गर्नुको साथसाथै खगेन्द्र थापा मगरलाई पोखरामा एउटा बासस्थानको व्यवस्था, पालनपोषण गर्दै उनलाई शैक्षिक, शारीरिक, मानसिक र सामाजिक रुपमा यस समाजमा पुनर्स्थापन गर्नु हो भन्ने कुरा प्रतिष्ठानका अध्यक्ष बताउँछन् ।

खगेन्द्रको महेश थापा मगर नाम गरेका एउटा ११ वर्षको भाई पनि छ । तर ऊ खगेन्द्र जस्तो नभई हट्टाकट्ट अग्लो छ । आमा बाबा पनि राम्रै छन् । आमा बाबा आफै अचम्म पर्दछन्- किन खगेन्द्र यस्तो भयो ? उनको आमा धनमायाको अनुसार खगेन्द्र जन्मेको कुरा कत्तिलाई त थाहा नै थिएन रे- गाउँमा । खगेन्द्र अलि अग्लो भएर चकचक गर्न थालेपछि मात्र उनीहरुबाट २ वटा सन्तान भएको छ भन्ने कुरा गाउँलेलाई धेरै पछि मात्र थाहा लाग्यो । र, खगेन्द्रलाई देखेपछि सबै झुम्मिए पनि । किनकि खगेन्द्र त्यस्तै छन्- हेरिरहुँ लाग्ने । हुन त खगेन्द्र १५ वर्षका पुगेका छन् तर उनमा बालक स्वभाव अझै कायमै छ । उनी आफ्नै सुरमा खेल्छन्, कुद्छन् र स्वास्थ्य छन् । बेलुकी १० बजे सुतेर विहान ८ बजे उठ्छन् ।

अहिले संसारमा गिनिज बुक अफ वर्ल्ड रेकर्डमा होचो व्यक्तिको रुपमा २२.५ इन्च उचाई भएका भरतका गुल मोहम्मदको नाममा विश्व रेकर्ड कायम छ । तर यो रेकर्ड तोड्नको लागि खगेन्द्र थापा मगर र उनको नाममा खोलिएको प्रतिष्ठान लागिरहेको छ । यदि यो सम्भव भयो भने नेपाल विश्वको सर्वोच्च शिखर

सगरमाथा, संसारकै सबैभन्दा होचो खोंच (म्याग्दीको दाना) र संसारकै सबैभन्दा होचोको साथै कम तौल भएको मानिस जन्मेको देश भनेर नेपालको नाम समेत आउने छ । प्रतिष्ठानले उनलाई विश्वमा परिचित गराउन विविध कार्यक्रम गरिरहेको छ । र, पनि आर्थिक समस्याले गाँजेको कुरा अध्यक्ष बताउनु हुन्छ । विविध समस्याको वावजुद पनि प्रतिष्ठानको कार्यक्रम सफल होस् किनकि यसैमा नेपालले अर्को पहिचान पाउने छ । जसको लागि खगेन्द्र, खगेन्द्रको आमा-बाबा र खगेन्द्र थापा मगर प्रतिष्ठानलाई शुभकामना ।


Khagendra with his parents Rupbahadur Thapa Magar, Dhan Maya Thapa Magar, Ganga Thapa Magar (holding him) and Minbahadur Rana Magar, Chairman, Khagendra Thapa Magar Foundation. Photo: eEyeCam